म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५० सोमबार ३ असोज २०७९ ने. सं. ११४२ ञलगा 19 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# निर्वाचनमा हार्न छुट नपाएकाहरु

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन अब ६२ दिन बाँकी छ । यसबीचमा निर्वाचनमा सबै तयारी अघि बढिरहेका छन् ।

निर्वाचनका लागि उम्मेदवारहरुको टुंगो लागिसकेको छैन् । तर, टिकट पाउने निश्चित भइसकेकाहरु निर्वाचन क्षेत्रमा खटिँदै छन् । मकवानपुरबाट क्षेत्र नम्बर १ मा निर्वाचन लड्ने तयारी गरिरहेका राप्रपा नेपालका अध्यक्ष कमल थापा, नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र राप्रपाका केन्द्रीय सदस्य दिपकबहादुर सिंह निर्वाचन जित्न लागिपरेका छन् । यी तीनै जनालाई निर्वाचन नजिकिएसँगै कसरी जित्ने भन्नेमा चिन्ता बढेको छ । थापा, डीना र सिंह तीनै सम्भावित उम्मेदवारहरुले पटक-पटक निर्वाचन हार्दै आएका छन् । अर्थात, यस त्रीपक्षीय भिडन्त पराजित हुँदै आएकाहरुबीचको हुने देखिन्छ ।

जसकारण थापा, डीना र सिंहलाई निर्वाचन हार्न छुट छैन । नेपाली कांग्रेस महिला संघले २२ र २३ भदौमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा प्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवाले डीनालाई भने, 'टिकट लैजानुस् तर, हारेर नआउनुस्, अब पनि हारेर आउनुभयो भने आफ्नो मुख पनि नदेखाउनुस् ।' देउवाको यो भनाइले डीना उम्मेदवार बन्ने पक्कापक्की छ । तर, हार्ने छुट भने नभएको हो ।

यसअघि एउटै निर्वाचन क्षेत्रबाट पटक-पटक निर्वाचन हारेकी डीनाले आगामी निर्वाचनका लागि निर्वाचन क्षेत्र परिवर्तन गरेकी हुन् । उनको निर्वाचन क्षेत्र मकवानपुर-२ मा गठबन्धनकै विरोध खतिवडालाई





छोडेर डीनाले १ नम्बर क्षेत्रबाट लड्न लागेकी हुन् । नेपाली कांग्रेसको केन्द्रीय राजनीतिमा प्रभाव राख्ने महिलामध्ये डिना पनि हुन् । एकमात्र महिला पदाधिकारी भएकाले पनि डीनालाई जसरी पनि निर्वाचन जित्नु छ । मकवानपुरमा उनले कम्युनिष्ट नेता विरोध खतिवडासँगै तीन पटक प्रत्यक्ष निर्वाचन हारेकी छन् । पूर्वजलस्रोत राज्यमन्त्रीसमेत भइसकेकी डीना २०४८ सालको आमनिर्वाचनमा मकवानपुर क्षेत्र नम्बर-२ बाट उम्मेदवार बनेकी थिइन् । त्यतिबेला नेकपा एमालेका (हाल नेकपा एकीकृत समाजवादी) उम्मेदवार विरोध खतिवडासँग डीना हारिन् ।

२०५१ सालको मध्यावधि निर्वाचनमा पनि डीनाले फेरि खतिवडासँगै हार व्यहोरिन् । २०५६ मा भएको आमनिर्वाचनमा उनले उम्मेदवारी दिइनन् । २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा डीना पुन: उम्मेदवार बनिन् ।

डीना फेरि खतिवडासँग पराजित भएकी थिइन् । जनताबाट प्रत्यक्ष अनुमोदित हुने अवसर नपाएकी डीना २०६४ कोनिर्वाचनमा समानुपातिक कोटाबाट संसद् प्रवेश गरेकी थिइन् ।

त्यतिबेला मकवानपुर-१ नम्बर क्षेत्रबाट निर्वाचन लड्ने तयारी गरिरहेका कमल थापालाई पनि आगामी प्रतिनिधिसभा निर्वाचन जसरी पनि जित्ने गरी लागेका छन् । थापाले केही दिनअघि हेटौंडामा भएको एक कार्यक्रममा आफ्नो आगामी निर्वाचन अन्तिम भएको बताएका थिए ।

पञ्चायतकालीन राजनीतिमा आफ्नो प्रभाव जमाएका थापालाई 'मुसा' प्रवृतिको नेताका रुपमा चित्रण गरिन्छ । उनले अन्तिम निर्वाचनमा जितेर जिल्लाबासीको लागि केही गर्ने अबसर दिलाइदिन मतदातालाई आग्रह गरे । २०५१ देखि हालसम्म ९ पटक मन्त्री बनिसकेका छन् उनी । राजतन्त्रदेखि गणतन्त्रसम्म आइसक्दा थापाले सत्ता मोह छोडेका छैनन् ।

तर, जहिल्यै शक्तिमा बस्न रुचाइरहने थापालाई भने आफ्नै जिल्लाका मतदाताले पाँच पटक उठेकोमा चार पटक हार चखाइदिए । चारै पटक एउटै व्यक्ति एमालेका कृष्णप्रसाद दहालसँग पराजित हुन पुगे । २०४६ सालमा प्रजातन्त्र पुन:स्थापनापछि भएको पहिलो आमनिर्वाचन २०४८ मा थापा पराजित बने ।

त्यतिबेला मकवानपुर-१ मा एमालेका दाहालले थापालाई करिब ५ हजार मतान्तरले हराएका हुन् । उनले २०५१ को मध्यावधि निर्वाचनमा भने जिते । २०५६ को आम निर्वाचनमा थापालाई फेरि दाहालले करिब ५ हजार मतान्तरमै हराए । २०६४ को संविधानसभा निर्वाचनमा मकवानपुर ३ (पछि क्षेत्र २ मा गाभिएको)बाट उम्मेदवार बनेका थापा तेस्रो भए । थापाले निर्वाचन क्षेत्र फेरेर मकवानपुर-२ बाट उठ्दा पनि विरोध खतिवडासँग पराजित हुन पुगे । राप्रपा अध्यक्ष भएकै बेला कांग्रेसको साथमा २०७४ मा प्रतिनिधिसभा निर्वाचन लडेका थापा पुन: दाहालसँग पराजित भए ।

मेयरदेखि सांसद् बन्न उम्मेदवारी दिन नछोडेका अर्का सम्भावित उम्मेदवार दिपक सिंहलाई पनि सपना पूरा गर्न चुनौती छ । हालसम्म लडेका सबै निर्वाचन हारेका सिंहलाई पनि हार्ने छुट छैन ।

पटक-पटक निर्वाचन हारेका उनले यसपटक जसरी पनि जित्ने गरी लागेका छन् । विगतका निर्वाचनहरुमा राप्रपाबाट राजनीति गर्दै आएका उनलाई कम्युनिष्टको गढ मकवानपुरमा राजनीतिक सफलता हासिल गर्न मुस्किल पर्‍यो । सिंहको पनि थापा र डीनाको जस्तै राजनीतिक कहानी छ । सिंहले हालसम्म उठेका जति सबै निर्वाचन हारेका छन् ।

सिंहले २४ वर्षको उमेर देखि नेपाल राष्ट्रिय युवा संघको केन्द्रीय अध्यक्षबाट राजनीतिक यात्रा सुरु गरेका थिए । २०५४ सालमा हेटौंडा नगरपालिकाको मेयरका उम्मेदवार रहेका उनी तत्कालीन मेयर डोरमणि पौडेलसँग हारे । २०५६ सालको संविधान सभाको निर्वाचनमा राप्रपाबाट उम्मेदवारी दिएका सिंह नेकपा एमालेका अनन्तप्रसाद पौडेलसँग पराजित भए । २०७० सालको क्षेत्रीय निर्वाचनमा पनि नेकपा एमालेका विरोध खतिवडासँग २ हजार २ सय मतान्तरले सिंह पराजित हुन पुगे । सिंह २०६३ र ०७४ सालको संविधानसभा र प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिकतर्फका उम्मेदवार थिए ।

जिल्लास्थित सबै राजनीतिक दलले सम्भावित उम्मेदवारहरुको नामावली सम्बन्धित पार्टीको माथिल्लो कमिटीमा सिफारिस गरी पठाइसकेका छन् । उम्मेदवार नटुंगिए पनि टिकट पाउनेमा ढुक्क भएका नेताहरु घरदैलोमा हिँडिरहेका छन् । जनताका घरदेखि अस्पतालसम्म नेताहरु आफ्ना मतदाता भेट्न समय खर्चिरहेका छन् । यसर्थ, मकवानपुर-१ बाट थापा, डीना र सिंहको त्रीपक्षीय भिडन्त रोमाञ्चक हुनेछ ।

## खुला पेनाल्टी सुट-आउट प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ मकवानपुरमा पहिलो पटक खुला पेनाल्टी सुट-आउट प्रतियोगिता हुने भएको छ ।

नेकपा एकीकृत समाजवादी निकट नेपाल खेलकुद महासंघ मकवानपुरको आयोजनामा प्रतियोगिता हुने भएको हो । दशैंको अवसरमा आगामी असोज १० गतेदेखि हुने प्रतियोगितामा जिल्ला र जिल्ला बाहिरका गरी २५ टिमको सहभागिता रहने आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ३३ हजार ३ सय ३३ रुपैयाँ र द्वितीय हुने टिमले नगद २२ हजार २ सय २२ रुपैयाँ प्राप्त गर्ने जनाइएको छ । विश्वमा सबैभन्दा बढी रुचाइएको खेल नै फुटबल रहेको र त्यसमा पनि पेनाल्टी सुट आउटले थप खेल रोमान्चित बनाउने भएकोले खेलमा मनोरञ्जनको साथसाथै आपसी भाईचारा र सद्भाव स्थापित होस भन्ने उद्देश्यले प्रतियोगिता गर्न लागेको महासंघका केन्द्रीय सदस्य निरज सिह ठकुरीले जानकारी दिए ।

खेल आयोजना गर्न करिब १ लाख खर्च अनुमान गरेको आयोजकले टिम दर्ता शुल्क भने ३ हजार ३ सय ३३ रुपैयाँ तोकेको छ । महासंघले पहिलो पटक आयोजना गर्न लागेको पेनाल्टी सुट-आउट प्रतियोगितालाई हरेक आगामी वर्ष पनि निरन्तरता दिने जनाएको छ ।




## मेयर लामा मलेसिया प्रस्थान

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामा आज सोमबार मलेसिया जादैछिन् ।

मेयर लामा आज सोमबार दिउँसो मलेसिया प्रस्थान गर्न लागेकी हुन् । मलेसियाको राजधानी क्वालालामपुरमा हुने मानव बस्ती व्यवस्थापनको लागि प्रतिबद्ध शहरी सरोकारवालाहरुको सस्था 'सिटिनेट' को अन्तराष्ट्रिय सम्मेलनमा सहभागि हुनका लागि नगर प्रमुख लामा मलेसिया जान लागेको उपमहानगरले जनाएको छ ।

सिटिनेटको नेपाल च्याप्टरको अध्यक्ष रहेको हेटौंडा उपमहानगर पालिकासहित १६ वटा स्थानिय तह र विभिन्न सस्थाको नेतृत्व गर्दै नगर प्रमुख लामा मलेसिया जान लागेकी हुन् । १३५ भन्दा बढि मुलुकका नगरपालिका, गैरसरकारी सस्था निजी कम्पनी र अनुसन्धान केन्द्रहरुको साझा सस्था सिटिनेटको नवौं सभामा सहभागी हुने बताइएको छ । सभामा जानु पुर्व सिटिनेटको सदस्य रहेका नेपालका स्थानिय तह र समाजिक संघसस्थाको हेटौंडामा बैठक सञ्चालन गरिएको थियो ।

हेटौंडा उपमहानगर पालिकाको आतिथ्तामा भएको बैठकमा ललितपुर महानगर पालिकाका प्रमुख चिरीबाबु महर्जनले नवौं सभामा उम्मेदवारीको घोषणा गरेका थिए । मलेसिया जानुपर्ने भएपछि लामाले उपमेयर राजेश बानीयाँलाई कार्यबाहक जिम्मेवारी दिएकी छिन् ।

लामालाई आइबार हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाा, प्रमुख प्रशासकीय अधिकृत शिबराज चौलागाईले बिदाई गरेका थिए ।

## परिवार योजना दिवसमा संचारकर्मीहरुसँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा नवौं राष्ट्रिय परिवार योजना दिवसको अवसरमा मकवानपुरका संचारकर्मीहरुसँग अन्तरक्रिया गरेको छ ।

व्यवस्थित परिवार, हाम्रो अधिकार: हामी सबै जिम्वेवार भन्ने मुल नाराका साथ निर्देशनालयले पत्रकारसँग अन्तरक्रिया गरेको हो । निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भु काफ्लेले परिवार योजनाको साधन प्रयोगमा बागमती प्रदेश अन्य प्रदेश भन्दा पछाडी परेको बताए । काठमाडौं र चितवनका नीजि अस्पतालले यस्ता विषयका तथ्यांक नपठाउदा बागमती प्रदेश परिवार योजनाको साधन प्रयोगमा पछाडी देखिएको उनको भनाई छ । प्रजनन उमेरका विवाहित महिला नयाँ र पुरानो साधन प्रगोगकर्ता ९ प्रतिशत रहेको जनाइएको छ । प्रदेशमा परिवार नियोजनको साधन प्रयोग कर्ता ३५ प्रतिशत र नेपालभरमा ४४ प्रतिशत रहेको काफ्लेले बताए ।

*-बाँकी पृष्ठ ३ मा....*

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरु:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# संवैधानिक सर्वोच्चता कायम होस्

संविधानसभाबाट संघीय गणतन्त्र नेपालको संविधान जारी भएको आज ७ वर्ष पूरा भएको छ । २०७२ सालको असोज ३ अर्थात् आजकै दिन नेपालको संविधान २०७२ संविधानसभाबाट घोषणा भई पारित भएको थियो । संविधानसभाबाट संविधान निर्माण गर्ने साढे ६ दशकदेखिको नेपाली नागरिकको लामो संघर्ष, बलिदान, उत्कट प्रतीक्षा र धैर्यतापछि संविधानसभाले संघीय गणतन्त्र नेपालको संविधान जारी गरेको दिन आम नेपालीको लागि विशेष दिन बन्छ नै । त्यही भएर वर्तमान सरकारले यस दिनलाई संविधान दिवसमा मात्र सीमित नराखेर राष्ट्रिय दिवसको रुपमासमेत मनाउने गरेको छ । संविधान दिवसलाई भव्यरुपमा मनाउन संघ, प्रदेश र स्थानीय सरकार सक्रिय बनेका छन् ।

नेपालमा वि.सं २००४ सालबाट संविधानको अभ्यास सुरु भएको हो । २००४ देखि २०७२ सम्म आइपुग्दा नेपालमा ७ वटा संविधान फेरिए । २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेरले 'नेपाल सरकार वैधानिक कानून, २००४' लागू गर्ने प्रयास गरे पनि यो प्रभावकारी लागू हुन सकेन । राणा शासनको अन्त्यपछि 'नेपाल अन्तरिम शासन विधान, २००७' लाई राजा त्रिभुवनले जारी गरे । २०१५ साल फागुन १ गतेदेखि 'नेपाल अधिराज्यको संविधान, २०१५' लागू भयो । २०१७ सालबाट पञ्चायती व्यवस्था सुरु भएपछि २०१९ पुस १ मा राजा महेन्द्रले नै 'नेपालको संविधान, २०१९' जारी गरे । २०४६ सालको जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्यसँगै २०४७ कात्तिक २३ गते 'नेपाल अधिराज्यको संविधान २०४७' जारी भयो । २०६२/०६३ को परिवर्तनपश्चात् २०६३ माघ १ गते तत्कालीन पुनस्थापित प्रतिनिधिसभाबाट 'नेपालको अन्तरिम संविधान, २०६३' जारी भयो । २००७ सालमै संविधानसभाबाट संविधान बनाउने आम नेपालीको चाहनाबमोजिम २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । पहिलो र दोस्रो संविधानसभाले 'नेपालको संविधान २०७२' निर्माण गर्‍यो, जुन २०७२ असोज ३ गते संविधानसभाबाट जारी भयो । मुलुकका अन्य ६ वटा संविधानभन्दा वर्तमान संविधानको विशेष महत्व छ । यो संविधान संविधासभाका छ सय एक सदस्य, संविधान विज्ञदेखि लिएर धेरैले आफ्ना बुद्धि, विवेक र पसिना बगाएर निर्माण गरेका हुन् ।

वर्तमान संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प बोकेको छ । वर्तमान संविधानमा असहमति जनाउने मधेशवादी दलहरु पनि संवैधानिक प्रावधानबमोजिम संविधान कार्यान्वयनका चरणहरुमा सहभागी भइरहेको अवस्थामा संविधानलाई स्वीकार गरेको मान्नैपर्छ । तर, भनाइमा अझै संविधान स्वीकार नगरेको भाव आइरहेको हुँदा औचित्य र सहमतिको आधारमा संविधान संशोधन गरी सर्वस्वीकार्य बनाउन सकेमा संविधानको सार्थकता हुनेछ । जनताको प्रत्यक्ष सहभागितामा निर्मित संविधानमा भएको व्यवस्थाविपरित सत्तासिन दलहरुले बेलाबखत गर्ने गरेका गम्भीर निर्णयले संवैधानिक सर्वोच्चतामाथि नै धावा बोलेको हो कि भन्ने भान हुन्छ । त्यस्ता निर्णयले आमजनता बेखुशी हुने र आन्दोलित हुने गरेको प्रति दलहरु गम्भीर हुनैपर्छ । वर्तमान संविधान निर्माण गर्न जनताको योगदानलाई शीरोपर गर्दै संवैधानिक सर्वोच्चता कायम गर्न दलहरु प्रतिबद्ध हुनैपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ०४ गते मंगलबार २० सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष दशमी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५१, सूर्यास्त ६:०१ । दशमी श्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शरीरमा बाधा पुग्न सक्नेछ | **तुला** | : खानपिन राम्रो हुनेछ |
| **वृष** | : मन पर्ने उपहार पाइने योग छ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : मन प्रशन्न हुने देखिन्छ | **धनु** | : धन खर्च हुनेछ |
| **कर्कट** | : पढाइमा सहयोग मिल्नेछ | **मकर** | : चिन्ता बढ्ने |
| **सिंह** | : यात्रामा कष्ट मिल्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : त्रासमय दिन हुनेछ | **मीन** | : यात्रामा खर्च बढ्नेछ |

# मतदान गर्दा संघीयता नबिर्सिने कि ?



✍ उद्धव अधिकारी

यसपाली चुनावी पर्वहरुको वर्ष । स्थानीय सरकारको निर्वाचन गत वैशाख ३० गते सम्पन्न भईसकेकोछ । आगामी मंसीर ४ गते प्रदेश र संघको निर्वाचन हुँदैछ । यता विभिन्न राजनैतिक पार्टीहरुले पनि आ-आफ्नै दाउमा चुनावी गठवन्धनको रणनीति बनाइरहेको छ । उम्मेद्वार छनौट लगायतका सवैखाले तयारी भइरहेको छ । अर्थात् चुनावी सरगर्मीले राष्ट्रिय राजनीतिक माहौल नै तताइरहेको छ ।

निर्वाचन आयोगले आवश्यक सम्पूर्ण तयारी गर्दैछ । यता राजनैतिक पार्टीहरु पनि कसरी परिणाम आफ्नो पक्षमा पार्ने अन्तिम कसरतमा देखिन्छन् । स्वतन्त्रहरुले पनि भटाभट उम्मेद्वारी दिन थालेका छन् । सवै वर्ग, समुदाय, पेशा, व्यवसायीहरुमा समेत एकाएक चुनावी महत्वाकांक्षा जागेको देखिन्छ । सवैको मुख मुखमा चुनावी चर्चा छ । सवै चोक चोकहरुमा यसैको हल्ला छ । यो पार्टी र त्यो पार्टी, यो नेता र त्यो नेता अनि यस्तो र उस्तो जस्ता नाना थरीका विश्लेषण, सश्लेषण र टिप्पणीहरु भइरहेको छ ।

तर भोट हाल्ने राजनैतिक आधारहरु के के हुन् ? भोट किन दिने ? कसलाई दिने ? के को लागि दिने ? कुन पार्टी र नेतालाई भोट हाल्दा हाम्रो समाजले अग्रगामी गति पैदा गर्दछ भन्ने सन्दर्भमा कहीं कतै ठोस वहस छलफल भएको देखिदैन । यही अमूर्त चुनाव, अमूर्त नारा अनि अमूर्त भिजनको अमूर्त आहालमा अग्रगामी र पश्चगामी लगायतका सवै शक्तिहरु डुबिरहेका छन् । यस्तो रवैयाले सत्य-तथ्यलाई वुझ्न सकिदैन । सत्यलाई नवुझी लक्ष्यमा पुगिदैन ।

***दृष्टिकोण***

दृष्टिकोण पनि सही र गलत हुने गर्दछ । भोट हाल्ने सबैभन्दा महत्वपूर्ण आधार भनेको कुनै पनि पार्टी वा व्यक्तिले अंगीकार गर्ने सही राजनैतिक दृष्टिकोण हो । निश्चित सिद्धान्त र विचारद्वारा निर्देशित वैज्ञानिक मान्यता नै दृष्टिकोण हो । विद्यमान समाजमा दृष्टिकोण धेरै छन् । यसमा पश्चगामी, यथास्थितिवादी र अग्रगामी दृष्टिकोणहरु पर्दछ । राजावादीहरुले पश्चगामी, लोकतन्त्रवादीहरुले यथास्थितिवादी र साम्यवादीहरुले अग्रगामी दृष्टिकोणहरुको प्रतिनिधित्व गर्दछन् । तर आज नेपालमा सवै पार्टीहरुको एकल कार्यदिशा जसरी पनि संसदीय चुनाव वरपर संकेन्द्रीत भएको हुँदा दृष्टिकोणीय भिन्नताको लक्ष्मण रेखा मेटिदैछ । यो केवल अंकगणित वढाउने औसत साम, दाम, दण्ड र भेदको नीतिमा सीमित हुँदैछ ।

परिणामत: अग्रगामीहरुलाई जसरी पनि चुनाव जित्ने नाममा भ्रष्टीकरण गरिदैछ वा हुँदैछ । उनीहरु पनि उस्तै चुनावी कर्मकाण्डमा रुम्मल्लिएका छन् । साम्यवादीहरुलाई पनि पश्चगामी र यथास्थितिवादहरुसँग एउटै फुर्लुङ्गमा कोचेर व्यवहारत: उही त रहेछ भन्ने भाष्य निर्माण गरिएको छ । यसले साधारण मतदाताहरुमा विभ्रम पैदा गरिदिएको छ । परिणामत: परिवर्तनशील पक्ष कमजोर भइरहेको छ भने यथास्थितिवाद र पश्चगामी तत्वहरु हावी हुने सिलसिला वढ्दो छ ।

यस्तो वस्तुगत धरातलमा सही दृष्टिकोण मर्दै जान्छ भने औसत टिपन-टापन मान्यता स्थापित हुन्छ । यसो भएपछि सही दृष्टिकोणीय जनमत खस्किदै जान्छ । मतदाताहरु घट्दै जान्छन् । परिणामत: आज यो वा त्यो स्वार्थगत चलखेल, वाहनावाजी, शक्ति, प्रलोभन, प्रभाव र भ्रमको कारण मतदाताहरु गलत निर्णय गर्न वाध्य छन् । कतिपयले जानी जानी भने कतिपयले नजानेरै यस्तो गरिरहेका छन् । गलत र असान्दर्भिक हुँदा हुँदै पनि राजावादी र हिन्दुवादीहरुप्रति झुकाव राख्नु यसैको परिणाम हो ।

चुनाव जित्ने पार्टीगत र व्यक्तिगत स्वार्थमा ठूला राजनैतिक पार्टीहरुसमेत यसैको पछि लाग्नु अर्को आश्चर्य देखिन्छ । यसले राजा र हिन्दू धर्म वरपर रहेको कमलो भावनामा 'इमोशनल व्ल्याकमेलिङ' गर्दै चुनाव जित्ने अवस्था सिर्जना गरे पनि उन्नत समाज वनाउने सपना अधुरै हुनेछ, जुन सवैभन्दा महत्वपूर्ण पक्ष हो । यसकारण कसैको भ्रमपूर्ण बहकाउमा नलागि अग्रगामी दृष्टिकोणलाई रोज्नु सचेत मतदाताहरुको कर्तव्य हो ।

***गणतन्त्र***

आन्दोलनको विविध प्रक्रियाबाट आज नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएको छ । यसको लागि नेपाली जनताले ठूलो त्याग र वलिदानको कोटा चुक्ता गरेका छन् । गणतन्त्र हाम्रो अर्थराजनीतिक चरित्र बनिसकेको छ । यो राजतन्त्र र संवैधानिक प्रजातन्त्र भन्दा उन्नत शासन प्रणाली हो । वस्तुत: गणतन्त्र विना समाजवादमा संक्रमण संभव हुँदैन ।

हाम्रो संविधानमा समेत समाजवाद उन्मुख राज्यव्यवस्था भनेर उल्लेख गरिएको छ । यद्यपि समाजवाद संविधानको धारा उपधारामा लेखेर आउँदैन । तर आज यति धेरै हैरानी परेशानीबाट प्राप्त गणतन्त्रमाथि चौतर्फी प्रहार हुन थालेको छ । गणतन्त्र विरोधीहरु पनि अरुले भन्दा वढी खरानी धसेर चुनावी दौडमा उत्रिएका छन् । अरु परिवर्तनकारी शक्तिहरुले पनि उल्लेख्य काम गर्न नसकिरहेको वस्तुगत परिवेशमा उनीहरुले उल्टै जनतालाई यो वा त्यो वाहनामा भावनात्मक व्ल्याकमेलिङ गरिरहेका छन् । जनअपेक्षा अनुसार काम नभइरहेको सन्दर्भमा यस्तो ईमोशनल कुराले जनतालाई भ्रमित त गर्ला तर राष्ट्रिय राजनीतिले सही निकास पाउँदैन । पछिल्लो समय पश्चगामी तत्वहरुले गणतन्त्रविरुद्ध यो वा त्यो रुपमा भ्रम र अफवाह फैल्याइरहेको छ । वहुदलीय प्रणालीमा सवैले राजनीतिमा सहभागी हुन पाइन्छ । यो स्वभाविक कुरा हो । तर गणतन्त्रवादीहरुको उन्नत विकल्प हामी नै हौं भने जसरी प्रस्तुत हुनु संगतिपूर्ण हुँदैन । किनकि सार्वभौमत: गणतन्त्रको उन्नत राजनैतिक विकल्प समाजवाद हो, न कि राजा र हिन्दूवाद । तर राजावादी वा हिन्दुवादीहरु गणतन्त्रवादीहरुको विकल्प हौं भन्दै हल्ला गरिरहेका छन्, जुन विडम्वनापूर्ण हर्कतबाहेक अरु केही होइन । उनीहरुलाई पनि पालो गराएर सत्तामा पुर्‍याउने कुरासम्म सही होला । तर हाम्रो राजनीतिक समस्या पालो नपुगेर मात्र सिर्जना भएको होइन । सवैलाई पालो वा भागशान्ति पुर्‍याउँदा जनताले अधिकार सुनिश्चित हुने पनि होइन ।

तसर्थ आगामी निर्वाचनमा विभिन्न भ्रम र प्रलोभनमा परेर गणतन्त्र विरोधीहरुलाई मतदान गर्नु भनेको इतिहासको पांग्रालाई उल्टो घुमाउनु वरावर हो । यसकारण खाँटी राजावादी र उसैको मतियार बनिरहेको अन्य राजनैतिक पार्टीलाई भोट हाल्नु भनेको पश्चगामी दलदलमा फस्नु हो । तसर्थ इतिहास, वर्तमानको समीक्षासँगै अनि भविष्यलाई नियाल्दै सचेततापूर्वक असली गणतन्त्रवादी शक्तिलाई भोट हाल्नुको अर्को विकल्प छैन ।

हामी संघीयता अभ्यासको नयाँ प्रक्रियामा छौं । यद्यपि यसको अन्तरवस्तु भने आन्दोलनको सारभूत लक्ष्य र जनचाहनाअनुरुप गठन भएको देखिदैन । यसलाई लगभग भौगोलिक र प्रशासनिक संघीयतामा कुण्ठित गरिएको छ । राजनैतिक अन्तरवस्तु कमजोर भएको सत्ताले समाजमा गुणात्मक प्रभाव र पकड कायम राख्दैन ।

यही वस्तुगत सच्चाइको कारण आज खर्चको वहाना देखाउँदै यसको खारेजीसम्मको वहस हुन थालेको छ । यो संघीयताको न्यूनतम मर्म, भावना र आवश्यक्ता नवुझ्नेहरुको जन्मजात भनाइ हो, जसको राजनैतिक शब्दकोशमा संघीयता भन्ने शब्द नै थिएन । योसँगै भ्रमित र प्रभावित मतदाताहरुमा अन्तरनिहीत वैचारिक राजनीतिक दरिद्रता, न्यूनतम सचेतनाको अभाव र स्वार्थको कारण पनि संघीयता विरोधीहरुले टाउको उठाउन थालेको देखिन्छ ।

यस्तो परिवेशमा तमाम् मतदाताहरुले संघीयता पक्षधर पार्टीलाई भोट हाल्नु भनेको संघीयताको संस्थागत विकास गर्नु हो । यसलाई परिमार्जन, रुपान्तरण र परिणाममुखी बनाउनु हो, पहिचानलाई स्थापित गराउनु हो । बहुसंख्यक वर्ग र समुदायहरुले आधारभूत अधिकार उपभोग गर्ने परिचय नै पहिचान हो । यता संघीयता विरोधी पार्टी वा नेतालाई भोट दिनु भनेको संघीयतालाई नामेट गर्नु हो । जनताका प्राप्त हक अधिकारलाई खोस्नु हो, पहिचानलाई जातीय रङ्ग भर्नु हो । उन्नत र न्यायपूर्ण शासन व्यवस्थाको ढोका वन्द गर्नु हो, यो वा त्यो रुपको केन्द्रीकृत एकात्मक शासनको पक्षमा उभिनु हो । यसकारण संघीयता पक्षधर पार्टीलाई मतदान गर्न जरुरी छ ।

***समानुपातिक***

आवधिक निर्वाचन लोकतान्त्रिक पद्धतिको सौन्दर्य हो । यद्यपि आज सिंगो निर्वाचन प्रक्रिया विकृत र विसंगतिपूर्ण बन्दै गइरहेको छ । यो असाध्यै खर्चालु र आडम्वरी बनिरहेको छ । निर्वाचन प्रक्रियाको यस्तो स्वरुपले लोकतन्त्रमाथि नै प्रश्नचिन्ह उब्जिरहेको छ । यस्तो आडम्वरी, विकृत र खर्चालु चुनावमा सवै वर्ग, समुदाय, क्षेत्र, लिङ्गका मानिसहरुको समान सहभागिता संभव हुँदैन ।

यही तथ्यलाई आत्मसात गर्दै तात्कालीन नेकपा माओवादीले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको लागि आन्दोलन गरेको हो । तर काँग्रेस, एमाले लगायतका पार्टीहरुको अड्डी कसाईको कारण पूर्ण समानुपातिक प्रणाली संविधानमा दर्ज गर्न सकिएन । तव वल्लतल्ल मिश्रित निर्वाचन प्रणालीको अभ्यासमा छौं । समानुपातिक निर्वाचन प्रणालीको आधारभूत सिद्धान्त भनेको पहुँच हुने र नहुने सवै वर्ग, समुदाय, क्षेत्र र लिङ्गको समेत शासन सत्तामा समान पहुँच संस्थागत गर्ने भन्ने हो । यो समान र न्यायिक पद्धति हो । प्रत्यक्ष निर्वाचन पद्धति, जसको शक्ति उसैको मस्तीमा आधारित हुन्छ । यो गैर-न्यायिक र असमान निर्वाचन पद्धति हो । आज नेपालमा माओवादीले समानुपातिक निर्वाचन पद्धतिलाई आन्दोलनको रुपमा विकास गरेको थिएन भने कैयौं उत्पीडित वर्ग, क्षेत्र, समुदाय र लिङ्गको मानिसहरुको सहभागिता विरलै हुने थियो । यहाँसम्म कि, त्यो हैसियतमा पुग्छु भनेर जीवनमा कहिल्यै कल्पना पनि नगरेकाहरु आज एकाएक सांसद र मन्त्री लगायतका प्रतिष्ठित सार्वजनिक पदमा विराजमान भइरहेका छन् । यो सुखद खुशीको कुरा हो । यही वस्तुगत यथार्थतालाई मनन् गर्दै आधारभूत मतदाताहरुले समानुपातिक सिद्धान्तका जननी पार्टीलाई भोट हाल्नु सही हुन्छ । अन्यथा राजनीति यस्तै औसत यथास्थितिकै परिणाम विहीन गोलचक्करमा घुमिरहने छ ।

***समावेशी***

कुनै खास समाजको कुनै पनि किसिमको सत्ता संरचना वा संस्थामा सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग र सिमान्तीकृत समुदायको उपस्थिती सुनिश्चित गराउनु नै समावेशीता हो । यसले अन्याय र विभेदलाई मान्दैन । यो न्याय र समानता वा समान सहभागिताको सिद्धान्तद्वारा निर्देशित प्रणाली हो । यसले सन्तुलित सहभागितासँगै सन्तुलित र एकरुपतामा आधारित समाजको परिकल्पना गर्दछ ।

मूलत: समावेशी सिद्धान्तको आन्दोलन कर्ता पनि तात्कालीन माओवादी नै हो । जसले शक्ति, पहुँच, प्रभाव, प्रतिष्ठा, सम्पर्क र बहुमत नहुनेहरुको समेत सक्रिय उपस्थिति संभव गराइदिएको छ । यो गौरवपूर्ण पक्ष हो । आज यही प्रणालीकै कारण शासन सत्तामा नितान्त विपन्न र अल्पसंख्यकहरुको पनि एकाएक पहुँच र सहभागिता बढेको छ । त्यसैले समावेशीताको न्यूनतम् मान्यता स्वीकार्ने पार्टी वा नेताहरुलाई भोट हाल्नु हाम्रो कर्तव्य हो, तब मात्र राजनीतिले अझै अग्रगामी कोर्स जारी राख्नेछ ।

***निश्कर्ष***

हामीले सही ठाउँमा मतदान गर्यौं भने नभएको चिज पनि प्राप्त गर्न सकिन्छ । गलत ठाउँमा गर्यौं भने भएको पनि गुम्नेछ । किनभने तपाईं हाम्रो एक मतमा मुलुक वन्ने र ध्वस्त हुने दुवै संभावना लुकेको हुन्छ । यसकारण हामी सवैले सचेत भएर सुझवुझसहित आफ्नो अमूल्य मतदान गर्ने गरौं । कसैको भ्रममा नपरौं । खोक्रो, उधारो र अमूर्त वाचा कसमलाई विश्वास नगरौं । सही विचार, सिद्धान्त र दृष्टिकोणको आधारमा मतदान गरौं । गणतन्त्र, संघीयता, समानुपातिक, समावेशी र धर्मनिरपेक्षता जस्ता राजनैतिक एजेण्डा जन्माउउने शक्तिलाई भोट हालौं । वास्तवमा मुलुक विगार्ने र सपार्ने, जनताका हित र वेहित अनि अग्रगमन र पश्चगमनको सवै ढोका खोल्ने चावी तपाईंहरुको अमूल्य मतमा निर्भरछ । चेतना होस् !

*-साभार: रातोपाटी*

# जलवायु परिवर्तन: ऋणको पासो ?



✍ बटु कृष्ण उप्रेती

विश्वभरि 'प्रदूषकले तिर्नु पर्छ' भन्ने सिद्धान्त सबैले मानिसकेको छन् । धेरै जसो देशका वातावरण नीति तथा कानुनमा यो सिद्धान्त मानिएको छ । नेपालको वातावरण संरक्षण नीति र ऐनले पनि यो सिद्धान्तलाई लिएको छ र प्रदूषकबाट क्षतिपूर्ति तिराउने प्रावधान राखेको छ । तापनि यो व्यवस्था अन्तर्राष्ट्रिय स्तरमा सबैलाई लगाउन भने सजिलो छैन । जलवायु परिवर्तन प्रदूषणबाट सिर्जित एक विश्वव्यापी विकराल समस्या हो । वायुमण्डलले स्वचालित र स्वभाविक रुपमा लिन सक्ने भन्दा बढी हरितगृह फाल्ने भएकोले वायुमण्डलीय तापक्रम बढेको छ, वर्षा अनियमित भएको छ । जलवायुजन्य विपद् र प्रकोपको मात्रा निरन्तर बढ्दै गएको छ तथा गरिब जनता जलवायु जोखिममा छन् ।

पर्वतीय र टापु मुलुकका जनता तथा प्राकृतिक प्रणाली र स्रोत जलवायु परिवर्तनको उल्टो प्रभावबाट पीडित छन् । यो समस्या सामान्य चासोको विषय बन्न झण्डै ३ दशक लाग्यो । हालका वर्षहरूमा जलवायुजन्य बाढी, पहिरो र अनियन्त्रित वर्षाको प्रकोपले यस भेगका देशहरू झन् बढी समस्याग्रस्त भएका छन् ।

नेपाल जलवायु परिवर्तनको कारक होइन । विश्वमा निस्कने जम्मा हरितगृह ग्याँसको मात्राको ०.०५७ प्रतिशत फाल्छ नेपालले । तर विश्वव्यापी रुपमा बढ्दै गएको हरितगृह ग्याँस निस्केर तापक्रम बढ्दा नेपालमा हिमगलन, हिमतालको आकार बढ्ने, हिमताल फुट्नसक्ने जोखिम लगायत जलवायुजन्य बाढी र पहिरो आउन थालेका छन् । जलवायु परिवर्तनको प्रभाव कृषि, जलस्रोत, वन, स्वास्थ्य तथा खानेपानी एवम् सरसफाई, उद्योग, यातायात तथा पूर्वाधार, पर्यटन तथा प्राकृतिक सम्पदा, ग्रामीण तथा सहरी बसोबास आदि क्षेत्रमा स्पष्ट देखिन थालेको छ । अर्थात् नेपाल संकटग्रस्त हुँदैछ । यी प्रभावलाई हटाउन नसके पनि क्षमता अभिवृद्धि, उपयुक्त प्रविधि तथा यथेष्ठ आर्थिक लगानीमार्फत यस्ता प्रभावलाई घटाउन सकिन्छ, जलवायु परिवर्तनले संकटमा परेका समुदायलाई जोगाउन सकिन्छ । यसो गर्नै पर्छ, यो राज्यको दायित्वभित्र पर्छ पनि ।

जलवायु परिवर्तनलाई सम्बोधन गर्न सन् १९९२ मा जलवायु परिवर्तनसम्बन्धी महासन्धि बन्यो । विकसित र औद्योगिक देशहरूले हरितगृह ग्याँस घटाउन र विकसित र विकासशील देशहरूबीच कार्बन व्यापार सञ्चालन गरी हरितगृह ग्याँसको कूल उत्सर्जन नबढाउन सन् १९९७ मा क्योटो अभिसन्धि तयार भयो । महासन्धिमा के कति हरितगृह ग्याँस निस्कन घटाउने भन्ने उल्लेख नभएकोले यो तुरुन्तै लागू भयो तर पनि क्योटो अभिसन्धिमा सन् २००८ देखि २०१२ सम्म सन् १९९० को तहमा निस्केको हरितगृह ग्याँसलाई ५.२ प्रतिशत घटाउने उल्लेख भएकोले यो अभिसन्धि सन् २००५ मा मात्रै लागू भयो ।

सन् १९९२ मा विश्वमा सबैभन्दा बढी अर्थात् जम्मा उत्सर्जनको एक-चौथाई हरितगृह ग्याँस अमेरिकाले निकाल्थ्यो । तर सन् २०२० तिर जम्मा उत्सर्जनको २८ प्रतिशत जति चीनले फाल्न थालेको छ । अर्थात् करिब ३ दशकको अवधिमा हरितगृह ग्याँस उत्सर्जन गर्ने मुलुकमा उतार-चढाव आएको छ । यी ग्याँस निस्कने मात्रा आर्थिक विकाससँग गाँसिएको छ । सन् २००५ देखि लागू भएको क्योटो अभिसन्धिमा अमेरिका पक्ष नभएपछि सन् २००७ देखि फेरि अमेरिकालाई हरितगृह ग्याँस उत्सर्जनको अभियानमा कसरी ल्याउने भन्ने जमर्को भए । सन् २००९ मा कोपेनहेगन जलवायु सम्मेलनमा पनि यो प्रयास भयो । पछि महासन्धिका पक्ष राष्ट्रहरूले सन् २०१५ मा पेरिस सम्झौता तयार गरी यसलाई अनुमोदन गरे । सन् २०१६ देखि यो सम्झौता अमेरिका लगायतका देशमा कार्यान्वयनमा आयो । केही वर्ष अमेरिकाको ट्रम्प प्रशासन पेरिस सम्झौताबाट छुट्टिए पनि हाल अमेरिका यो सम्झौतामा साविक किसिमले पक्ष भएको छ ।

पेरिस सम्झौता कार्यान्वयनमा आएपछि विकसित देशहरू भन्दा नेपालजस्ता अविकसित देशहरू हरितगृह ग्याँस उत्सर्जन घटाउने दौडमा लागेका छन् । नेपालले हरितगृह ग्याँस निस्कन घटाउने कार्यमा उदाहरणीय देश हुन दुई वर्ष अघि महत्वाकांक्षी दोस्रो राष्ट्रिय स्तरमा तोकिएको योगदानमा यी ग्याँसको उत्सर्जन घटाउने प्रतिवद्धता जाहेर गरेको छ र सन् २०३० सम्म अरबौं डलर लाग्ने गरी उत्सर्जन घटाउने भएको छ । तर आर्थिक स्रोत कहाँबाट जुट्छ भन्ने बारेमा सरकारलाई थाहा छैन । सन् २०४५ सम्म यी ग्याँस निस्कन शून्य पार्ने र त्यसपछि यसलाई ऋणात्मक पार्ने प्रतिवद्धता नेपालको छ ।

तर यसको लागि के, कति, कसरी आर्थिक स्रोत प्राप्त हुन्छ र के कसरी खर्च हुन्छ भन्ने खाका देखिएको छैन । यही वर्ष इजिप्टमा हुने पक्ष राष्ट्रहरूको २७ औं सम्मेलन अघि नेपालले जलवायु वित्तीय रणनीति र राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गर्ने जानकारी हालै बाहिर आएको छ । जे होस्, प्रतिवेदनहरूको तयारी र शालीन अग्रगामी प्रतिवद्धता जनाउने राष्ट्रमा नेपालले अग्रणी भूमिका खेल्दै आएको छ, यसो रहने नै छ ।

यी प्रतिवद्धताहरूको कार्यान्वयनमा जलवायु वित्तको महत्वपूर्ण भूमिका रहने नै भयो । जलवायु परिवर्तन सम्बन्धी महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौतालाई कार्यान्वयन गर्न आर्थिक स्रोतको प्रवाहमा विकासशील तथा अति कम विकसित राष्ट्रहरूको पहुँच रहने गरी जलवायु परिवर्तनसम्बन्धी विशेष कोष, अनुकूलन कोष तथा हरित जलवायु कोषको व्यवस्था भएको छ । यसैगरी छुट्टै अति कम विकसित मुलुकहरूको मात्र पहुँच रहेको एल.डी.सी. कोषको स्थापना पनि भएको छ । विकसित मुलुकहरूबाट पाइने अनुदानबाट यी कोषहरू सञ्चालन भएका छन् । अनुकूलन कोषमा भने कार्बन व्यापारको २ प्रतिशत जम्मा हुने व्यवस्था छ ।

अनुदान वाध्यकारी नभएकोले अनुदानमा आधारित यी कोषहरूमा थोरै रकम हुन्छ । बर्सेनि महासन्धिको पक्ष राष्ट्रहरूको सम्मेलनको समयमा विकसित देशहरूले यी कोषमा केही आर्थिक अनुदान दिने घोषणा गर्छन् । आफ्नो इच्छाअनुसार विस्तारै रकम हाल्छन् । नेपाल जस्ता अति कम विकसित देशहरू आर्थिक सहयोग पाइने भयो भनी ढुक्क हुन्छन् तर बर्षौंसम्म यी कोषबाट सहयोग पाइँदैन । मित्र राष्ट्रहरू तथा विश्व बैंक, एसियाली विकास बैंक जस्ता निकायहरूबाट पनि जलवायु परिवर्तनका समस्यालाई सम्बोधन गर्न आर्थिक तथा प्राविधिक सहयोग पाइने गरेको छ । सारमा भन्दा जलवायु वित्तमा पहुँच पुर्‍याउन सजिलो छैन ।

महासन्धिको धारा ४.९ मा विकसित देशहरूले अति कम विकसित देशहरूलाई आर्थिक र प्राविधिक सहयोग दिनु पर्ने स्पष्ट व्यवस्था छ । नेपालले पाएको आर्थिक तथा प्राविधिक सहयोग यही धाराको व्यवस्था अनुसार हो । तर यो सहयोग नेपालले सिधै प्राप्त गर्न सक्दैन । अलि मेहनत गरेको अवस्थामा यी स्रोत ल्याउन सकिन्छ, ल्याइएको अवस्था पनि छ । अर्थ मन्त्रालयको सकारात्मक सहयोग नभई यी स्रोत पाइँदैनन् । जलवायु परिवर्तनको जोखिमलाई सम्बोधन गर्न विभिन्न मन्त्रालयहरूले यी स्रोतमा पहुँच पुर्‍याउन जरुरी छ । अर्थ मन्त्रालयले आफूलाई नियमन गर्ने भूमिकामा राखेको महसुस हुन्छ । अनुदान पाउन यस मन्त्रालयले सहयोगीको भूमिका बढाउन जरुरी छ । जलवायु परिवर्तन विषयमा पनि अर्थ मन्त्रालय ऋणतिर आकर्षित भएको तथ्य हालै विश्व बैंकबाट लिइएको अमेरिकी डलर १० करोडको ऋणमा पनि जलवायु परिवतनका क्रियाकलापहरूबाट जानिन्छ ।

*-बाँकी ३ पेजमा...*

*'प्रेमगीत ३' र भुवन केसीबीचको विवाद:*

# 'चिची र पापा' दुवैको लोभले निम्त्याएको समस्या




काठमाडौँ/ 'प्रेमगीत ३' र चलचित्र विकास बोर्डको विवाद उचाइमा पुगेको छ । फिल्मको प्रचार गर्न काठमाडौँमा शनिबार पत्रकार सम्मेलन गरेको 'प्रेमगीत ३'ले फिल्मको कुरा गर्नभन्दा बोर्डले गरेको राजनीति र भुवन केसीको नियतलाई लिएर अनेक प्रश्न गर्‍यो । बोर्ड र अध्यक्ष भुवन केसीले आफ्नो प्रगति देख्न नसकेर सो टाइममा अंकुश लगाउनेदेखि नेपाली फिल्मलाई हिन्दी फिल्म भनेर रोक्न खोजिएको टिमको आरोप थियो ।

आक्रोश पोख्ने क्रममा त अभिनेता प्रदीप खड्काले भुवन केसीको राजीनामा नै माग गरेका थिए । तलको आलेखमा विवादका कुरा र यसका कानुनी तथा व्यावहारिक पाटोबारे चर्चा गर्ने प्रयत्न गरिन्छ ।

**विवाद नम्बर १** : 'प्रेमगीत ३' को हिन्दी भर्जनलाई नेपालीसरह मान्ने कि नमान्ने ? 'प्रेमगीत ३' र बोर्डबीचको एउटा पेचिलो विवाद 'प्रेमगीत ३'को हिन्दी डब भर्जनलाई विदेशी सो सरह मान्ने कि नमान्ने विषयमा सम्बन्धित छ । फिल्मको टिमले आफूहरूले नेपाली फिल्म बनाएको र डब गर्दैमा विदेशी भन्न नमिल्ने बताउँदै आएको छ । बोर्डले भने डब भर्जनलाई नेपाली फिल्म मान्न नसकिने र यदि हिन्दीमा रिलिज गर्ने हो भने विदेशी फिल्म सरह प्रक्रियामा आउन मौखिक जवाफ दिएको छ । तर, विकास बोर्डका कर्मचारीहरूका अनुसार अहिलेसम्म 'प्रेमगीत ३'ले सेन्सरका लागि सिफारिस पाऊँ भनेर ठाडो निवेदन दिनबाहेक अरु कागजपत्र बुझाएको छैन । यसको नेपाली संस्करण भने सेन्सर भइसकेको छ ।

'प्रेमगीत ३'ले हिन्दीमा पुन: सेन्सर गर्न सिफारिस मागेबाटै उनीहरू आफैँले यो फिल्मलाई विदेशी मानेको अर्थ लगाउन सकिन्छ । यदि यो नेपाली नै हो भने दुई/दुईपटक सेन्सर गर्न किन आवश्यक पर्‍यो ? निर्माण टिमले स्पष्ट जवाफ दिन सकेको छैन । तर, बोर्डले हिन्दी वा अंग्रेजी भाषामा रिलिज हुने फिल्मलाई विदेशी सरह व्यवहार गर्दै आएको छ । यो फिल्मका एक वितरकले भने हिजोका दिनमा विदेशीले बनाएको 'क्याराभान'लाई नेपाली सरह सुविधा दिने, अंग्रेजीमा खिचेर नेपालीमा डब गरिएको 'म्यान फ्रम काठमाडौँ'लाई विदेशी सरह प्रक्रिया पूरा गर्नु नपर्ने तर नेपाली फिल्मले चाहिँ हिन्दी डब गर्‍यो भन्दैमा विदेशी हुनुपर्ने ? भन्दै प्रश्न गरेका छन् । उनको प्रश्नको बोर्डसँग जवाफ छ कि छैन यो एउटा पाटो भयो तर निर्माण टिमले नेपाली भर्जनसँगै हिन्दी भर्जन रिलिज गर्ने औचित्य भने पुष्टि गर्न सकेको छैन । पाठकलाई जानकारी 'क्याराभान' डोल्पो भाषामा बनेको फिल्म थियो भने अंग्रेजीमा खिचिएको 'म्यान फ्रम काठमाडौँ'को नेपालीमा डबिङ गरिएको थियो । अहिले क्लिन फिडका कारण बलिउडका विज्ञापन पनि नेपाली भाषामा स्वरांकन भएर मात्र सार्वजनिक हुन पाउँछन् । यस्तोमा 'प्रेमगीत ३' टिमले नियम कानुनमाथि रहेर भावनात्मक रूपमा सबै कुरामा छुट खोज्नु नियमसंगत लाग्दैन ।

कानुनकै कुरा गर्दा फिल्मले स्वरांकन आदिका लागि लिनुपर्ने अनुमति नलिएको पनि कुरा आइरहेका छन् । बोर्डले निहुँ नै खोज्ने हो भने यस्ता कुरामा निहुँ खोज्न सक्छ तर यतातिर लाग्नु कसैका लागि पनि हितकर छैन । निर्माताले मधेसी बेल्टका दर्शकसँगै हिन्दी भाषीको मागलाई मध्यनजर गर्दै हिन्दीमा रिलिज गर्ने निर्णय गरेको बताएका छन् तर यो तर्कमा समस्या छ । त्यो समस्या के हो भने निर्माताले मधेसलाई हिन्दीप्रेमी क्षेत्रका रूपमा मात्र चित्रित गरेका छन् जुन सही होइन । नेपालीपछि दोस्रो धेरै बोलिने भाषा मैथिली हो भने तेस्रो बढी बोलिने भाषा भोजपुरी । थारु चौथो भाषा हो । हिन्दी मातृभाषा त एक प्रतिशतको पनि छैन । हिन्दी मातृभाषा भएका वक्ता ०.२९ जना मात्र छन् । विदेशमा बजार खोजिरहँदा निर्माताको एउटा कर्तव्य यो पनि हो कि नेपाली फिल्म फिटिक्कै नचल्ने मधेसमा नेपाली भाषामा रिलिज गरेर नेपाली फिल्म हेर्ने आदत बनाउने । तर, फेरि हिन्दीमै त्यहाँका दर्शकलाई देखाउने हो भने नेपाली फिल्मको बजार विस्तार कसरी गर्ने ? विदेशमा सँगै नेपाली फिल्मले नेपालमै पनि बजार खोज्नुपर्नेछ । बजार विस्तारको गफ गरिरहँदा 'प्रेमगीत ३' टिमले यो पक्षलाई नजर अन्दाज गर्न मिल्दैन । यही विवादमा जोडिएको एउटै कडी हो चलचित्र विकास शुल्कको ।

अहिले 'प्रेमगीत ३' र बोर्डबीच द्वन्द्व बढ्नुका एउटा मुख्य कारण सरकारले विदेशी फिल्मलाई लिँदै आएको यही विकास शुल्क हो । सरकारले विदेशी फिल्मलाई विकास शुल्कका रूपमा १५ प्रतिशत कर लिँदै आएको छ । यदि 'प्रेमगीत ३' हिन्दी भर्जनमा आउने हो भने यो शुल्क तिर्ने गरी प्रक्रियामा आउनुपर्छ भन्ने विकास बोर्डको अडान हो । यता निर्माण टिम भने यही शुल्क तिर्न तयार नभएका कारण विवाद सिर्जना भएको हो । यसमा बोर्ड वा सञ्चार मन्त्रालयले कसरी निर्णय लिन्छ ? अब एक/दुई दिनमै स्पष्ट हुनेछ । तर, निर्माण टिमले नेपाली भाषामा पनि रिलिज गर्ने र हिन्दी डब पनि रिलिज गर्ने तर नेपाली सरह सुविधा खोज्नुले निर्माण टिमले 'चिचीको पनि लोभ पापाको पनि लोभ' गरेको देखाउँछ । इतिहास बनाउन हिँडेको मान्छेले सही थितिको पनि चिन्ता गर्नुपर्छ । किनकि यो 'प्रेमगीत ३'को मात्र कुरा होइन भोलिका कैयौँ 'प्रेमगीत'को कुरा हो ।

**विवाद नम्बर २** : सो टाइममा बोर्डको अंकुश'प्रेमगीत ३'ले चलचित्र विकास बोर्डसँग चित्त दुखाइरहेको अर्को कुरा हो, बोर्डले अचानक निर्धारण गरेको सो टाइम । बोर्डले केही दिनअघि सार्वजनिक सूचना निकाल्दै हललाई विनाअनुमति ११ बजेभन्दा पछि जाने गरी सो टाइम निर्धारण गर्न नपाउने ।

'प्रेमगीत ३'ले यो निर्णय पनि आफूलाई लक्षित गरी ल्याइएको बताउँदै आएका छन् । बोर्डले एकै दिन जारी गरेको सूचनामा एउटामा सेन्सर सिफारिस लिन हप्ता दिनअघि सबै कागजपत्र बुझाउने आदेश जारी गरेको थियो र यो नियम कात्तिक १ गतेदेखि लागू हुने बताइएको थियो । दोस्रो सो टाइम सम्बन्धमा भने बोर्डको सूचनामा यो नियम कहिलेदेखि लागू हुने भनेर उल्लेख गरिएको छैन । केहीले पहिलो नियमझैँ यो पनि कात्तिक १ गतेदेखि नै लागू हुने र यसमा 'प्रेमगीत ३' कराउनुपर्ने कुनै कारण नरहेको बताउँदै आएका छन् ।

तर जबसम्म सूचनामा उल्लिखित नियम यति समयदेखि लागू हुने भनेर समय तोकिन्न त्यो नगर्दासम्म जुन दिन सूचना निस्कियो त्यही दिनदेखि यो लागू भएको अर्थ निस्कन्छ । त्यसैले बोर्डले निकालेको सो टाइम सम्बन्धी सूचनामा 'प्रेमगीत ३' सशंकित हुनु स्वाभाविक हो । यसमा बोर्डले समय सीमा तोक्नेभन्दा पनि यदि ग्राहक आउँछन् भने व्यापार गर्नेलाई सक्दो व्यापार गर्न दिने नीति लिनु उपयुक्त हुन्थ्यो । यसमा बोर्डले पूर्वप्रचलित नियमलाई लागू गराउने होइन कि नीति खुकुलो बनाउने रणनीति लिने हो ।

संसारभरका मुख्य-मुख्य सहर रातभर खुल्छन् र यसमा सिनेमाघर पनि पर्छन् । तुलनात्मक रूपमा सुरक्षित हुने सिनेमा हललाई समयको बन्देज लगाउनु राम्रो होइन । यसमा अभिनेता प्रदीप खड्काले गरेको तर्क जायज छ । उनले शनिबार एक पत्रकार सम्मेलनमा रक्सी खाएर हुलदंगा हुने बार र डिस्को चाहिँ रातभरि चल्न हुने सिनेमाघर चाहिँ किन नहुने ? भन्दै प्रश्न गरेका थिए । सिनेमा घरमा फिल्म हेर्न रातभर पनि दर्शक आउँछन् भने उनीहरूलाई आउन दिनुपर्छ ।

किनकि नागरिकलाई शान्ति सुरक्षा दिने कर्तव्य राज्यको हो । तर, यसमा बोर्डले ११ बजेपछि फिल्म चल्नै नदिने भनेको छैन । खालि चलाउने हो भने अनुमति लिन पर्‍यो भनेको हो र यो कुरा 'प्रेमगीत ३'भन्दा पनि प्रदर्शकको चासोको कुरा हो । भोलि 'प्रेमगीत ३'ले मारामार व्यापार गर्दा कालान्तरमा यसका निर्माताले भन्दा हलले कमाउँछन् । दोस्रो सातादेखि प्रदर्शकको सेयर बढ्दै जाने र निर्माताको घट्दै जाने प्रावधान छ ।

धेरै भएको छैन प्रदीप खड्काले हलले हिन्दी फिल्म 'लाइगर'लाई काखी च्यापेका कारण आफ्नो फिल्म 'प्रकाश'ले सो नपाएको भन्दै आक्रोश पोखेको । तर, दुई हप्ता नबित्दै प्रदीप त्यही हिन्दी भर्जन रिलिज नभए आफ्नो करिअर नै सकिने गरी चिन्ता गरिरहेका छन् । 'प्रेमगीत ३' निर्माण टिमलाई थाहा छ, नेपाली फिल्मको सदाबहार लडाइँ हिन्दी फिल्मसँग हो । त्यसको प्रभावले नेपाली सिनेमाले सो र दर्शक नपाउने गरेको कुराको भुक्तभोगी 'प्रेमगीत ३' टिम पनि हो ।

त्यसैले कसैले 'प्रेमगीत ३'लाई किन हिन्दीमा रिलिज गर्ने भनेर प्रश्न गर्‍यो भने 'प्रेमगीत ३'ले यसलाई आफूविरुद्धको षड्यन्त्रका रूपमा मात्र लिनु हुँदैन । न त यसलाई आफूलाई रोक्ने र सक्ने खेलका रूपमा बुझ्न जरुरी छ ।भोलि 'प्रेमगीत ३'ले विदेशमा निर्माताले दाबी गरेझैँ सम्भावनाको बाटो खोल्यो भने कोही दु:खी हुँदैनन् । कोही दु:खी पनि छैनन् । यसमा निर्माण टिमलाई मनको बाघले खानुपर्ने कुनै कारण नै छैन ।

*-साभार: इकागज*

# सन्दर्भ संविधान दिवस: अहिलेसम्मै बनेन मौलिक हकसम्बन्धी नियमावली




काठमाडौँ, २ असोज (रासस)/ नेपालको संविधानमा उल्लेखित मौलिक हक तीन वर्षमै कार्यान्वयन भइसक्नुपर्नेमा अहिलेसम्म पनि कार्यान्वयन गराउने आधार अर्थात् आवश्यक नियमावली बनाउन सकिएको छैन ।

संविधानको मौलिक हक कार्यान्वयनका लागि बनाइएको आवासको अधिकारसम्बन्धी ऐन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेको चार वर्षसम्म पनि नियमावली बन्न सकेको छैन । चार वर्षदेखि मन्त्रालयका अधिकारीले विभाग र विभागका अधिकारीले मन्त्रालयलाई देखाएर नियमावलीका बारेमा मौन बस्दै आएका छन् । अर्थ र कानून मन्त्रालयको सहमति लिनुपर्ने भएकाले चार वर्षसम्म नियमावली आउन नसकेको सम्बद्ध अधिकारीको जिकिर छ ।

संघीय संसद्का दुवै सदनबाट पारित आवासको अधिकारसम्बन्धी ऐन २०७५लाई राष्ट्रपति भण्डारीले विसं २०७५ असोज २ गते प्रमाणीकरण गरेको थियो । ऐन प्रमाणीकरण भएको चार वर्षसम्म नियमावली नआएपछि यसको कार्यान्वयन पनि हुन सकेको छैन ।

ऐनका कतिपय दफामा लेखिएको 'तोकिए बमोजिम' भन्ने विषयलाई नियमावलीले व्याख्या गर्छ तर ऐन प्रमाणीकरण भएर कार्यान्वयनमा आएको चार वर्ष बितिसक्दा पनि नियमावली नबन्दा कानूनी अप्ठ्यारा आउने गरेका छन् । शहरी विकास मन्त्रालयको आवास, भवन तथा योजना महाशाखा प्रमुख रामचन्द्र दङ्गाल मन्त्रालय नेतृत्वको प्राथमिकता नपरेकाले ऐन प्रमाणीकरण भएको चार वर्षसम्म पनि नियमावली आउन नसकेको बताए ।

कोरोना भाइरसको संक्रमणका कारण बन्दाबन्दी र निषेधाज्ञा जारी भएकाले मस्यौदा तयार पार्न समय बढी लागेको हुनसक्ने उनको भनाइ छ । अर्थ र कानून मन्त्रालयको सहमति लिएर नियमावली मन्त्रिपरिषद्मा पेश गर्ने गरी तयारी गरिएको जनाइएको छ । मन्त्रालयको आवास, भवन तथा योजना महाशाखा प्रमुखको संयोजकत्वमा नियमावली मस्यौदा भई कानून र अर्थलगायत सरोकार भएका मन्त्रालयको सहमति लिने कामकै लागि चार वर्षभन्दा बढी समय लागेको छ । संविधानसभाबाट बनेको नेपालको संविधान २०७२ मा पहिलोपटक मौलिक हकका रुपमा आवासको हकसम्बन्धी व्यवस्था गरिएको छ ।

आवासको हकका विषयमा काम गरिरहेका अधिवक्ता राजुप्रसाद चापागाइँ नियमावली बनेपछि मात्र ऐनको कार्यविधिमा स्पष्टता आउने बताउछन् । नियमावली नभएकाले कसैको आवासको हक खोसिन लाग्यो भने सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगमा मौलिक हक संरक्षणको विषय लिएर जान सकिने उनको भनाइ छ ।

मन्त्रालयका सूचना अधिकारी राजेन्द्र खतिवडा भने नियमावलीको सबै कामको जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागलाई दिइएको बताउछन् । आवाससम्बन्धी कार्यक्रम विभागले नै सञ्चालन गरिरहेकाले नियमावलीको जिम्मेवारी पनि विभागलाई नै दिइएको उनी सुनाए ।

आवासको हक कार्यान्वयनका लागि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ । विगतमा मन्त्रालयले सञ्चालन गरेको जनता आवास कार्यक्रम आर्थिक वर्ष २०७५/२०७६ देखि प्रदेश सरकार अन्तर्गत कार्यान्वयनको चरणमा छ तर यो कार्यक्रमका लागि प्रत्येक वर्ष माग बमोजिम बजेट आउँदैन । महाशाखा प्रमुख दङ्गाल जनता आवास कार्यक्रमका लागि वर्षमा दुईदेखि तीन अर्ब बजेट विनियोजन हुने गरे पनि अपुग भएको बताउछन् । यसैगरी सुरक्षित नागरिक आवास कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, बस्ती स्थानान्तरण कार्यक्रम पनि कार्यान्वयनको चरणमा रहेको मन्त्रालयले जनाएको छ । यी सबै कार्यक्रममा माग बमोजिम बजेट विनियोजन हुनसकेको छैन । नागरिक सुरक्षित आवास कार्यक्रमका लागि वर्षमा पाँच अर्बदेखि छ अर्बसम्म विनियोजन हुने गरेको छ तर यसले पनि मागलाई धान्न सकेको छैन ।

एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत रसुवा, कास्की, कपिलवस्तु, जाजरकोट, बाँके, उदयपुर र सप्तरीमा एक/एक बस्ती बनाउने गरी चार वर्षअघिदेखि कार्यान्वयन सुरु गरिएको हो । डढेल्धुरा, सर्लाही र मुगुका बाढी पहिरो पीडितका लागि आवास बनाउने कार्यक्रम पनि यसै कार्यक्रमअन्तर्गत रहको मन्त्रालयले जनाएको छ ।

यसैगरी सिन्धुपाल्चोकको जुरे, बर्दिया र सुर्खेतमा पनि बाढी पहिरो पीडितका लागि आवास निर्माणको कार्यक्रम यसैअन्तर्गत सञ्चालनमा आउने भनिए पनि अझै आवास निर्माण हुन सकेको छैन । पीडित भने सरकारले कार्यक्रम घोषणा गर्ने तर पूरा नहुने समस्या रहेको गुनासो गर्छन् ।

सिन्धुपाल्चोकको जुरे पहिरो पीडित परिवारका सदस्य सोमबहादुर बम्जन सरकारको घोषणा सात वर्षदेखि कार्यान्वयन हुन नसकेको गुनासो गर्छन् । कार्यान्वयन नगर्ने तर हल्ला धेरै गर्ने गरेको उनको भनाइ छ ।

*परिवार योजना...*

कुल प्रजनन दरमा कमि भए पनि जनसंख्या ऋणात्मक हुन दशकौं लाग्ने प्रक्षेपण गरिएको उनको भनाइ छ ।

दिवसको अवसरमा निर्देशनालयले हेटौंडामा प्रभातफेरी पनि गरेको थियो । दिवसको अवसरमा हेटौंडाको बुद्धचोकबाट हेटौंडाको विभिन्न स्थानहरु परिक्रमा गरि सभामा परिणत भएको थियो ।

प्रभातफेरीमा प्रशासक शम्भु काफ्ले, स्वास्थ्य कार्यालयका सुचना अधिकारी लक्ष्मण घिमिरे, हेटौंडा उपमहानगरका स्वास्थ्य शाखा प्रमुख भोला प्रसाद चौलागाई, परिवार योजना संघका ममता श्रेष्ठ, निर्देशनालयका स्वास्थ्य शिक्षा अधिकृत शीव प्रसाद बडाल लगायतको उपस्थिति रहेको थियो ।

# समानुपातिकको बन्दसूची बुझाउने क्रम सुरु

काठमाडौं, २ असोज (रासस)/ आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फको बन्द सूची बुझाउने क्रम सुरु भएको छ ।

सो प्रणालीका लागि आयोगको बहादुरभवन, कान्तिपथमा स्थापना भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा बन्दसूची बुझाउने क्रम सुरु भएको हो । उक्त सूची बुझाउन असोज २ र ३ गतेका लागि आयोगले समय निर्धारण गरेकाले शनिबार पहिलो दिन ठूला दलबाहेक केही दलबाट मात्रै बुझाउने क्रम सुरु भएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले प्रतिनिधिसभा, प्रदेशसभाका लागि सूची बुझाउन आठ स्थल र १० कक्ष व्यवस्था गरी तम्तयारी अवस्थामा आयोग रहेको बताए ।

आयोगले सो प्रणालीका लागि सचिव गोकर्णमणि दुवाडीलाई मुख्य निर्वाचन अधिकृत तोकेको छ । गत प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको कार्यकाल यही असोज १ गते राति १२ बजेदेखि स्वत: कायम नरहने स्पष्ट भएपछि प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल समाप्त भएको छ ।

# जलवायु...

यसै कारण हुन सक्छ, जलवायु परिवर्तन विषयमा ऋण नलिन जलवायुका अभियन्ताहरूले माइतिघरमा सानो प्रदर्शनी समेत गरे, सरकारको ध्यानाकर्षण गराउन । नेपालले सिधै पहुँच पुऱ्याउन नसक्ने जलवायु वित्तमा अरु निकायमार्फत ल्याउँदा सरदर १० प्रतिशत जति सेवा शुल्क दिएर भने पनि अनुदानमा पाइने यी स्रोत ल्याउनु पर्छ । सम्बन्धित मन्त्रालयले सहकर्मी सहजकर्ताको भूमिका निर्वाह गर्नैपर्छ । अर्थ मन्त्रालयले आफूलाई तालुकवाला मात्र मानेर जलवायु परिवर्तनले ल्याउने विपद अरु मन्त्रालयहरूको चासो र चिन्ताको विषय मात्र सोचेर राष्ट्रिय सार्वजनिक दायित्व पूरा हुनेछैन ।

माथि भनिएका विभिन्न कोषहरूबाट आएको सहयोगबाट जलवायु अनुकूलनका क्रियाकलापहरू कार्यान्वयन भएका छन् । गएको दशकमा नेपालले जलवायु परिवर्तनलाई सम्बोधन गर्न उल्लेखनीय वित्तीय सहयोग पाएको थियो ।

विश्व बैंकको 'पाइलट प्रोग्राम फर क्लाइमेट रेजिलियन्स', एसियाली विकास बैंक, एल.डी.सी. कोष, विशेष कोष, अनुकूलन कोष, र हरित जलवायु कोषबाट अनुदानमा अमेरिकी डलर २४ करोड जति नेपालले पाएको देखिन्छ ।

यसैगरी अमेरिका, बेलायत, जापान, युरोपेली संघ लगायतका विभिन्न देशहरूबाट जलवायु अनुकूलन काममा पाएको छ । गैर सरकारी संघ संस्थाहरूले पनि जलवायु वित्त ल्याएका छन् नै । यसरी गएको दशकमा अमेरिकी डलर ६० करोड जतिको अनुदान यस क्षेत्रमा अनुमान गरिन्छ । आएको सहयोगको ८० प्रतिशतभन्दा बढी रकम जलवायु अनुकूलन जस्ता क्रियाकलापमा स्थानीय तहमा विनियोजन हुनु पर्ने नीतिगत व्यवस्थाले जलवायु पीडित नागरिकका केही समस्या समाधान गर्न मद्दत पुगेको बारे गम्भीर अध्ययन हुन बाँकी नै छ ।

जलवायु वित्तसम्बन्धी विद्यमान व्यवस्थालाई ध्यान दिँदा भोकले ग्रस्त भएको व्यक्तिले भोक भनेको के हो थाहा नभएको निकायसँग सहयोग मागेको जस्तो देखिन्छ । यस्तो निकायमार्फत सहयोग आउने हुँदा भोक मरिसकेको पनि हुन सक्छ, वैकल्पिक उपायबाट बाँच्ने आधार तयार भएको पनि हुन सक्छ, भोककै कारण मृत्यु भैसकेको पनि हुन सक्छ, जलवायुजन्य बाढी र पहिरोले उठिवास भइसकेको पनि हुन सक्छ ।

नेपालमा जलवायु संकटकाल घोषणा गर्नेबारे हालका दिनमा चर्चा हुन थालेको छ । विश्व नै संकटमा पुगिसकेको अवस्थामा नेपाल अछुतो रहने कुरा भएन । तर जलवायु संकटकाल घोषणा गर्दाका दायित्व र फाइदा बारे स्पष्ट नभई सन् २०४५ भित्र हरितगृत ग्याँसको शून्य उत्सर्जन गर्ने जस्तो महत्वाकाँक्षी योजना नभएकै राम्रो । दुनिया हसाँउनुभन्दा आफ्नो क्षमता अभिवृद्धि गरी तथा भएको क्षमतालाई उपयोग गरी आर्थिक स्रोत जोहो गर्दै जलवायुजन्य समस्यालाई क्रमश: सम्बोधन गर्दै जानु बढी उपयुक्त हुन्छ । यसैमा नै नेपालको भलो होला ।

नेपालले जलवायु-न्यायको सिद्धान्त पालना गर्न पनि जलवायु परिवर्तनसम्बन्धी कार्यहरू कार्यान्वयन गर्न ऋण लिनु हुँदैन । जलवायु परिवर्तनबारे अनुदान ल्याउने तिर जोड दिनु पर्छ ।

नेपाल अति कम विकसित देश भएकोले महासन्धिको प्रावधान बमोजिम अनुदान पाउनु अधिकार पनि हो । यस निम्ति प्रस्ताव वनाउने र वार्ता-क्षमता बढाउनेतिर क्रियाशील हुनु पर्छ ।

पाएको सहयोगलाई उद्देश्यमूलक ढंगले कार्य गर्न सक्ने जनशक्ति तयार गर्न समेत उपयोग गरेर 'काम गर्दै सिक्दै' अघि बढ्नु पर्छ । जलवायु परिवर्तनका समस्यालाई सम्बोधन गर्न विश्वव्यापी रुपमा विभिन्न खालका आर्थिक स्रोत विद्यमान छन् ।

आफ्नो आवश्यकता आफैले निर्धारण गरिरहेका आर्थिक स्रोतमा पहुँच पुऱ्याउनु र त्यसलाई उपयोग गर्नु आजको खाँचो हो । जलवायु परिवर्तनका सवालमा ऋणको पासोमा नपर्दा नै उत्तम ।

*उप्रेती नेपाल सरकारका पूर्व सह-सचिव (प्राविधिक) हुन् ।*

*-साभार: इकागज*

# बालबालिका हराउँछन्, भेटिँदैनन्



तुलसीपुर, २ असोज (रासस)/ दाङमा गएको आर्थिक वर्ष २०७८/७९ मा ८३ बालक हराए । ती मध्ये ७३ बालक फेला परेका भने अन्य १० बालक अझै फेला परेका छैनन् । त्यस्तै सोही आवमा एक सय ५८ बालिका हराए भने एक सय ४१ फेला परे । तीमध्ये १६ बालिका अझै फेला पर्न सकेका छैनन् ।

त्यस्तै चालु आवको साउन र भदौको तेस्रो हप्तामा २० बालक हराए । ती मध्ये १५ फेला परे भने पाँच अझै पनि फेला पर्न सकेका छैनन् । त्यस्तै २५ बालिका हराएकामा १७ फेला परेका छन् भने आठ जना अझै फेला पर्न सकेका छैनन् ।

जिल्लामा गिरोह सक्रिय भएर बालबालिका ओसारपसार गर्ने गरेको घटना भने नभएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक राजन गौतमले बताए । कोही घरबाट भारत जाने भनेर उतै हराउने, कोही आफन्तका घरमा जाने भनेर सम्पर्कमा नआउनेजस्ता कारणले बालक हराउने गरेको उनको भनाइ थियो । एक ठाउँको हुलिया दिएर अर्कोतिर बस्ने कारणले पनि भेट्टाउन समस्या सहने गरेको उनले बताए ।

त्यस्तै बालिकामा पनि बिहे गरेर जाने र परिवारको सम्पर्कमा नआउने जस्ता कारणले पनि हराएको भनी उजुरी पर्ने गरेको प्रहरी नायब उपरीक्षक गौतमले बताए । हराएका मान्छे भेटिए पनि आफन्तले खबर नगर्दा पनि हराएकाहरू नभेटिएको तथ्याङ्कमा नआउने गरेको उनको भनाइ छ ।

जिल्लामा गत आवमा तीन सय ५३ महिला हराएका छन् भने तीन सय छ जना फेला परेका छन् । ४७ महिला अझै फेला पर्न सकेका छैनन् । त्यस्तै चालु आवको साउन र भदौमा ६० महिला हराएकामा ३५ जना भेटिएका छन् भने २५ जना अझै फेला पर्न सकेका छैनन् ।

# निर्वाचन अपाङ्गमैत्री मनाउन माग



चितवन, २ असोज (रासस)/ यही मंसिर ४ गते हुने प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनलाई अपाङ्गमैत्री बनाउन जिल्लाका सबै राजनीतिक दलसमक्ष माग गरिएको छ ।

नेत्रहीन युवा संघ नेपाल चितवन शाखाले जिल्लामा क्रियाशील राजनीतिक दललाई ज्ञापनपत्र बुझाउँदै अपाङ्गतामैत्री वातावरण बनाउन ध्यानाकर्षण गराएका हुन् ।

संघका जिल्ला सचिव किरण पन्तका अनुसार नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), विवेकशील साझा पार्टी, राप्रपा र निर्वाचन कार्यालयमा ज्ञापनपत्र बुझाइएको हो ।

प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा अपाङ्गता भएका व्यक्तिले सहजै मतदान गर्न मिल्नेगरी व्यवस्था मिलाउनका लागि पहल गर्न दलको ध्यानाकर्षण गराइएको उनले बताए ।

समानुपातिक निर्वाचन प्रणालीमा दलहरुले नाम सूचीकृत गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखिनुपर्ने, उनीहरुको हकअधिकारका बारेमा आफ्नो घोषणापत्रमा स्पष्ट उल्लेख हुनुपर्ने, मतदान गर्नका लागि अपाङ्गता भएका व्यक्तिलाई सहज वातावरण बनाइनुपर्नेलगायत माग ज्ञापनपत्र उल्लेख गरिएको छ ।

संघकी जिल्ला कोषाध्यक्ष कोपिला केसीले मतदानस्थलमा स्वयंसेविका रुपमा कम्तीमा एक अपाङ्गता भएका व्यक्तिलाई समेत परिचालन गर्न दललाई सुझाव दिइएको बताए ।

ज्ञापनपत्र बुझ्दै दलका नेताहरुले आगामी निर्वाचन अपाङ्गमैत्री बनाउन राजनीतिक दलहरुले प्रतिबद्धता जनाएका उनको भनाइ थियो । नेकपा एमालेका बाग्मती प्रदेश कमिटी सदस्य कृष्णप्रसाद भुर्तेलले एमालेले यसअघि पनि अपाङ्गका मुद्दालाई प्राथमिकतामा राखेर अगाडि बढेको र आगामी दिनमा पनि पहल गर्ने बताए ।

नेपाली कांग्रेसका जिल्लासचिव सूर्य अर्यालले आफ्नो दल लोकतन्त्रमा आस्था राख्ने पार्टी भएकाले अपाङ्गमैत्री निर्वाचन गराउन पहल गर्ने प्रतिबद्धता जनाए । अपाङ्गका समस्या समाधान गर्न दलमार्फत निर्वाचन आयोगलाई दबाब दिने उनीहरुको भनाइ थियो ।

# 'जीवनको महत्व नबुझ्दा आत्महत्या बढ्यो'



साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मानिसहरुले आफ्नो जीवनको महत्व नबुझ्दा आत्महत्या गर्ने गरेको बताएका छन् ।

आइतबार बागमती प्रदेश प्रहरी कार्यालयले हेटौंडामा आयोजना गरेको आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले मानिसहरुले आफ्नो जीवनको महत्व नबुझ्दा आत्महत्या गर्ने गरेको भन्दै उनले सबैले जीवनको महत्व बुझ्नुपर्ने बताएका हुन् । सबैले आफ्नो जीवनको महत्व बुझेर गलत निर्णय लिन नहुने बताए । शिक्षक, राजनितिक दलका नेता, कार्यकर्ता लगायत सबै क्षेत्रले जीवनको महत्व बुझाउनुपर्ने उनको भनाइ छ । जीवनको महत्व बुझाउने पहिलो पाठशाला नै परिवार भएकाले परिवारका अभिभावकले परिवारको रेखदेखसँगै समस्या बुझ्नुपर्ने पाण्डेले बताए ।

कार्यक्रममा बोल्दै बागमती प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी नायव उपरिक्षक दीपक रेग्मीले बागमती प्रदेशमा (उपत्यकाका तीन जिल्ला बाहेक) गत आर्थिक वर्ष २०७८/७९ मा ९ सय २ जनाले आत्महत्या गरेको जानकारी दिए । जसमा ४६-६० वर्ष उमेर समूहको बढी रहेको उनको भनाइ छ । १६ वर्षमुनिका ५४ जनाले आत्महत्या गरेको तथ्यांकमा देखिन्छ ।

कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्ण प्रसाद खनाल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित बहादुर घलान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख राजेन्द्रदेव पाण्डे, बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी महानिरीक्षक किरण बज्राचार्य लगायतको उपस्थिति थियो ।

# प्रदेश सरकारले चेपाङ, बोटे र वनकरियाको लागि घर बनाइदिने



साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ बागमती प्रदेश सरकारले चेपाङ, बोटे र वनकरियाको लागि घर बनाइदिने भएको छ ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले मकवानपुर, चितवन र धादिङमा बसोबास गरिरहेका चेपाङ, बोटे र वनकरिया जातिलाई २५० वटा घर बनाइदिने भएको हो । मन्त्रालयले पहिरो वा सडक निर्माणका कारणले विस्थापित भएका, खरको छानो भएका, ऐलानी जग्गामा घर भएकाहरुलाई प्राथमिकतामा राखेर घर निर्माण गर्न लागेको जनाएको छ ।

मन्त्रालयको अनुसार मकवानपुर, चितवन र धादिङमा रहेका वनकरियाको लागि २४ वटा, बोटे जातिका लागि ५० घर र चेपाङ जातिका लागि १ सय ७६ वटा घर निर्माण गरिनेछ । प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजाले एउटा घर निर्माणका लागि ४ लाख रुपैयाँ उपलब्ध गराइने जानकारी दिए । उनले त्यसको लागि संघीय सरकारको ५ करोड र बागमती प्रदेश सरकारले ५ करोड गरि १० करोड रुपैयाँ बजेट छुट्याइएको बताए ।

सम्बन्धित समुदायको सामाजिक, सांस्कृतिक मूल्य मान्यता सुहाउँदो किसिमको आवासको डिजाइन मन्त्रालयले नै उपलब्ध गराउने राज्यमन्त्री प्रजाको भनाइ छ । प्रदेश मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयले आवासीय भवन निर्माण गर्नेछन् । पहिरो वा सडक निर्माणका कारणले विस्थापित भएका, खरको छानो भएका, ऐलानी जग्गामा घर भएकाहरुलाई प्राथमिकतामा राखेर घर निर्माण गरिने राज्यमन्त्री प्रजाले बताए ।

जग्गा नभएकालाई जग्गा उपलब्ध गराएर एकीकृत बस्ती निर्माण गरिनेछ भने जग्गा भएका तर आवासको समस्या भएकाहरुलाई सम्बन्धितको जग्गा भएकै ठाउँमा घर निर्माण गरिने उनको भनाइ छ । एकीकृत बस्ती निर्माण गरिएको स्थानका लागि आवश्यक पर्ने पूर्वाधारहरु सडक, बिजुली, खानेपानी, ढल, खुल्ला क्षेत्र लगायतको निर्माण कार्य प्रदेश सरकारलेनै गर्ने उनले बताए ।

आगामी वर्षको कार्यक्रममा गरिब, विपन्न, सिमान्तकृत तथा लोपोन्मुख थप जात-जातिका लागि घर बनाउने कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए । यसका लागि चेपाङ, वनकरिया, माझी, थामी, मुसहर, बोटे र हायू एकीकृत बस्ती तथा आवास निर्माण सम्बन्धी कार्यविधि २०७९ तयार पारिएको उनले जानकारी दिए ।

प्रदेश सरकारले निर्माण पछि हस्तान्तरण गरिएको घर १० वर्षसम्म बेच्न पाइने छैन । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा चेपाङको जनसंख्या ६८ हजार ३ सय ९९, वनकरिया ६९ र बोटे १० हजार ३ सय ९७ छ । नेपाल सरकारले चेपाङ र बोटे जातिलाई अति सिमान्तकृत र वनकरियालाई लोपोन्मुख जातिका रुपमा सूचीकृत गरेको छ ।



हेटौंडा सामुदायिक अस्पतालमा आँखाको शल्यक्रियाका लागि आएका बृद्धबृद्धाहरु । तीन सय जना भन्दा बढी संख्यामा रहेका बृद्धबृद्धाहरुलाई तिलगंगा आँखा अस्पतालका वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुईतले आँखाको शल्यक्रिया गरेका हुन् । हेटौडा सामुदायिक आँखा अस्पतालको प्राविधिक टोलीले ३ सय ६९ जना मोतिविन्दुका बिरामीहरुको नि:शुल्क शल्यक्रिया गरिएको छ । अस्पतालले विभिन्न स्थाना थरेको शिविरबाट आँखा जाँचका क्रममा मोतियाबिन्दुलगायतका समस्या भएका बिरामीहरुलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा ल्याएर शल्यक्रिया गरिएको अस्पतालका व्यवस्थापक सुधिरभद्र श्रेष्ठले जानकारी दिए । *-तस्बिर: रुटिन अफ हेटौंडा*

# टोल विकासको चार वर्षे योजना तर्जुमा गोष्ठी सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ टोल विकास संस्था नगर समन्वय समिति हटौंडाको चार वर्षे योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ ।

आइतबार हेटौंडा उपमहानगरपालिकाका १९ औटै वडाका टोल विकास संस्थाका वडा समन्वय समितिका अध्यक्षहरू तथा भूगोल ईन्चार्जहरूलाई योजना निर्माणका विषयमा प्रशिक्षण दिदै समितिको चार वर्षे योजना तर्जुमा गोष्ठी सम्पन्न भएको हो । सबै सहभागीहरूलाई चार समूहमा विभाजन गरी योजना निर्माणका आयाम र विषयका बारेमा सहजीकरण गरिएको टोल विकास संस्था हेटौंडा नगर समन्वय समितिका सूचना तथा प्रकाशन विभाग संयोजक बालकुमार श्रेष्ठले जानकारी दिए । नगर समन्वय समितिका अध्यक्ष ध्रुवकुमार आधिकारीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना लामाको प्रमुख आतिथ्यतामा गोष्ठी सम्पन्न भएको थियो । गोष्ठीमा नगर समन्वय समितिका सल्लाहकार ध्रुवकुमार भुजेल, रामकृष्ण थापा, हेटौंडा उपमहापानगरपालिकाका सामाजिक विकास महाशाखका प्रमख भीमप्रसाद तिमाल्सीनाले सहजीकरण गरेका थिए ।

## संविधान दिवस भव्यरूपमा मनाऔं

नेपालको संविधान कार्यान्वयनको सात वर्ष पुरा भएको छ ।

- आवधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था यसको प्रमुख विशेषता हुन् ।
- संविधान दिवस असोज २, ३ र ४ गते भव्य रुपमा मनाऔं ।
- घरघरमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुजुकीले ल्यायो दशैं तिहार विशेष 'सुजुकी पर्वोत्सव अफर'

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ नेपालका लागि सुजुकी कारको आधिकारिक विक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले 'सुजुकीपर्वोत्सव अफर' सार्वजनिक गरेको छ ।

दशैंतिहारका लागी आकर्षक ग्राहक योजना अनुरुप मोटोकर्पले 'सुजुकी पर्वोत्सव अफर' सार्वजनिक गरेको हो । उक्त योजनाअन्तर्गत ग्राहकले दुई लाख रुपैयाँ बराबरको नगद छुट, १ वर्षको सवारी बीमा र स्क्र्याच कार्ड मार्फतएक लाख पचास हजार रुपैयाँसम्म अतिरिक्त छुट पाउनेछन् । यो योजना नेपालभर रहेका सुजुकीगाडीका ४२ वटै सोरूमहरुमा लागू हुनेछ । सुजुकीका विभिन्न मोडेलहरुका कारहरु बमोजिम फरक फरक हिसावका छुटहरु लागू हुने जनाइएको छ । सुजुकीब्रान्डले एस्प्रेसो, वागेन आर्, इग्निस्, स्विफ्ठ्, बलेनो, डिजाएर, सिआज्, ब्रेज्जा, एस्क्रस्, एर्टिगा, एक्सएलसिक्स्, इको, इको कार्गो र सुपर क्यारी गरी नेपालमा सबैभन्दा बढी गाडीका मोडेलहरु विक्री वितरण गर्दै आएको छ ।

# ३६९ जनाको नि:शुल्क शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ तिलगंगा आँखा अस्पतालका वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइटसहित हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक टोलीले ३ सय ६९ जना मोतिविन्दुका बिरामीको नि:शुल्क शल्यक्रिया गरेको छ ।

तेज कोहली एण्ड रुइट फाउण्डेसनको सहयोगमा हेटौंडा सामुदायिक आँखा अस्पतालले नि:शुल्क आँखा जाँच एवम् मोतिविन्दुको शल्यक्रिया गरेको हो । मकवानपुरको भीमफेदी, मनहरी, राईगाउँ, बाराको फत्तेपुर, निजगढ, कोहल्बी, पर्साको कटैया, रौतहटको गजुरा र सिन्धुलीको पिपलमाढी र चनेश्वरमा नि:शुल्क शिविर आयोजना गरी २ हजार ८ सय २२ बिरामीको आँखा जाँच गर्दा ४ सय ९४ जना बिरामीमा मोतिविन्दु पाइएको थियो ।

तेज कोहली एण्ड रुइट फाउण्डेसनबाट यस वर्ष हेटौंडा सामुदायिक आँखा अस्पताललाई ५ सय जनाको मोतिविन्दुको शल्यक्रिया गर्न खर्च सहयोग प्राप्त भएको छ ।




## हकदाबी सम्बन्धी सूचना

यस एशियन लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र एशियन लाइफ इन्स्योरेन्स कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ५३०९०००२१३९ | गोविन्द मल्ल | हेटौंडा-०४, मकवानपुर |

## कर्जा चुक्ता गर्ने ७ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७९/०६/०३*

यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. बाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा केही सदस्यहरुले हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखितरुपमा कर्जा तिर्न बुझाउन बारम्बार तर-ताकेता गर्दासमेत ऋणी सदस्यले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकमसमेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्नेतर्फ तत्परता नदेखाएको हुनाले ७ दिन भित्र कर्जा चुक्ता गर्न यसै सूचनाबाट अनुरोध गरेका छौ । अन्यथा आठौं दिनमा कर्जा नतिर्ने सम्पूर्ण ऋणी सदस्यहरुको तिनपुस्ते नामावली कर्जाको साँवा, ब्याज, धनजमानीसमेतको नामावली सार्वजनिक गर्न संस्था बाध्य रहने व्यहोरा सम्बद्ध सबै ऋणी सदस्यहरुलाई अनुरोध गर्दछौ । समय, काल, परिवेशअनुसार आफ्नो शाख बचाई राख्न सबै सदस्यज्युहरुले आ-आफ्नो दायित्व पूरा गर्नुहुनेछ भन्ने विश्वास लिएका छौं ।

**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, मकवानपुर, बागमती प्रदेश




## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना